


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २८ गते शनिबार ❑ 12 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## स्वतन्त्रताका नाममा पित पत्रकारिता गर्नुहुँदैन–अध्यक्ष ओली

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले स्वतन्त्रताका नाममा पित पत्रकारिता गर्न नहुने बताउनुभएको छ।




प्रेस चौतारी नेपालको नवौँ राष्ट्रिय महाअधिवेशनको शुक्रबार पोखरामा उद्घाटन गर्दै उहाँले आजको सञ्चार क्षेत्र राष्ट्रको समृद्धि, सुशासन र विकासका लागि हुनुपर्ने बताउनुभयो। सञ्चार क्षेत्रमा प्राप्त उपलब्धिलाई उपयोग गर्दै लोकतन्त्र र राष्ट्रियताका पक्षमा लाग्नु वर्तमानको आवश्यकता भएको उहाँले बताउनुभयो।

अध्यक्ष ओलीले नेपाली पत्रकारिता तथा प्रेस क्षेत्रको इतिहास छोटो रहेको उल्लेख गर्दै उहाँले स्वतन्त्र प्रेसको अवस्था अझै पछि रहेको स्पष्ट पार्नुभयो। स्वतन्त्रता एवम् हकअधिकारका क्षेत्रमा संविधानले स्पष्ट व्यवस्था गरेको चर्चा गर्दै उहाँले हक तथा अधिकारसँगै कर्तव्यको पालना गर्नेतर्फ पनि लाग्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष ओलीले नवीनतम प्रविधिको उपयोग गर्नुपर्नेमा जोड दिँदै अतितमुखी नभई आगतमुखी हुनुपर्ने बताउनुभयो। पत्रकारिता राष्ट्रको समुन्नति र विकासका लागि हुनुपर्नेमा जोड दिँदै उहाँले प्रेस चौतारीले आगामी दिनमा आफूलाई अझै व्यवस्थित एवं एकताबद्ध बनाएर लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो। अध्यक्ष ओलीले देशको राजनीति जनादेशी र परामादेशीबीच दुई धारमा विभक्त भएको उल्लेख गर्दै आसन्न निर्वाचनका माध्यमबाट जनादेश विरोधीलाई परास्त गर्ने बताउनुभयो। उहाँले समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य पूरा गर्ने गरी सबै लाग्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा अध्यक्ष ओलीले प्रेस चौतारी नेपालबाट प्रदान गरिने पुरस्कारबाट प्रेस चौतारी नेपालका पूर्वअध्यक्षद्वय गगन विष्ट र राजेन्द्र अर्याल, उपाध्यक्ष शान्ति गुरुङ, लेखक तथा राजनीतिक विश्लेषक झलक सुवेदीसहित विभिन्न व्यक्तिलाई सम्मान गर्नुभयो भने प्रकाशित स्मारिकाको पनि विमोचन गर्नुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लोकतन्त्रका पक्षमा पत्रकारिता क्षेत्रले कलम चलाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। नेपाली कांग्रेस सधैँ लोकतन्त्र र प्रेस स्वतन्त्रका पक्षमा रहेको उहाँले बताउनुभयो। भोलिसम्म चल्ने महाधिवेशनमा देशभरबाट एक हजारभन्दा बढी प्रतिनिधि तथा पर्यवेक्षक सहभागी छन्। महाधिवेशनले आगामी कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ। नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले प्रेस चौतारी पत्रकारिता पुरस्कारबाट विभिन्न ११ जनालाई सम्मान गर्नुभएको छ। प्रेस चौतारी नेपालको नवौँ राष्ट्रिय महाधिवेशनको शुक्रबार पोखरा सभागृहमा भएको उद्घाटन समारोहमा उहाँले नगदसहित दोसल्ला र सम्मानपत्रले सम्मान गर्नुभएको हो। सो अवसरमा हृदयचन्द्रसिंह प्रधान पत्रकारिता पुरस्कार-२०७७ बाट सङ्गठनका पूर्वअध्यक्ष राजेन्द्र अर्याल र २०७८ बाट पूर्वअध्यक्ष गगन विष्ट सम्मानित हुनुभएको थियो। त्यस्तै संस्थाद्वारा सञ्चालित अग्निशिखा पत्रकारिता पुरस्कार-२०७७ बाट कृष्णविनोद लम्साल र ०७८ बाट राजनीतिक विश्लेषक तथा पत्रकार झलक सुवेदीलाई प्रदान गरियो।

डेकेन्द्र थापा स्मृति पत्रकारिता पुरस्कार-२०७७ र ०७८ बाट क्रमशः सागरपण्डित र हिरापरियार, वीरेन्द्र साह क्रियाशील पत्रकारिता पुरस्कार केपी गौतम र अनुप तिवारी, चन्द्र न्यौपाने शान्तिराम कार्की पत्रकारिता पुरस्कारबाट शान्ति गुरुङलाई सम्मान गरियो। त्यस्तै पदमलक्ष्मी-सावित्री स्मृति पत्रकारिता पुरस्कारबाट अब्दुलाह मियाँ र शिवराज भट्टलाई प्रदान गरिएको महाधिवेशन मूल आयोजक समितिका संयोजक एवं प्रेस चौतारी नेपालका केन्द्रीय उपाध्यक्ष गणेश पाण्डेले जानकारी दिनुभयो।

## रोटरी लेकसाइडको मिर्गौला रोग स्वास्थ्य शिविरमा २६७ जना लाभान्वित

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन



रोटरी क्लब अफ पोखरा लेकसाइडले आयोजना गरेको निःशुल्क मिर्गौला रोग स्वास्थ्य शिविरमा २ सय ६७ जना लाभान्वित भएका छन्।

विश्व मिर्गौला दिवस अवसरमा मुस्ताङचोकस्थित किड्नी केयर सेन्टर निर्माणस्थलमा निःशुल्क मिर्गौला परीक्षण कार्यक्रम भएको हो। जेसिना फाउण्डेसनको प्राविधिक सहयोग रहेको शिविरमा मिर्गौला परीक्षण अलावा मुटु, फोक्सो, मधुमेह, रगत लगायतको परीक्षण गरिएको क्लबका सर्भिस चेयर एवं किड्नी केयर सेन्टरका संयोजक कृष्ण थापाले जानकारी दिए। शिविरका सहभागीले रोटरीले गरेको कार्यक्रमको उच्च प्रशंसा गरेका थिए। शिविरमा मिर्गौला रोग विशेषज्ञ डा. क्लारा लगायतको टिमले स्वास्थ्य जाँच गरेको थियो। शिविर उद्घाटन गर्दै गण्डकी प्रदेश सररकाका अर्थमन्त्री रामजीप्रसाद बराल जीवनले मिर्गौला स्वस्थ राख्न खानपिन तथा आहारविहारमा ध्यान दिनुपर्ने सुझाव दिए। रोग लागिसकेपछि उपचारमा ठूलो रकम खर्चिनुभन्दा बेलैमा सतर्कता अपाउनुपर्ने बताए।

शिविरमा मिर्गौला रोग विशेषज्ञ डा. क्लाराले प्रत्येक १० जनामध्ये एकमा मिर्गौला रोग समस्या रहेको हुँदा वर्षको एकपटक परीक्षण गर्नुपर्ने सुझाव दिइन्। क्लब अध्यक्ष हुम आलेको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा ७ का वडाध्यक्ष रामचन्द्र बराल, रोटरी क्लबका एसिस्टेन गभर्नर सन्तोष पोखरेल, जिएसआर विनोद कोइराला, कार्यक्रम संयोजक कृष्ण थापा, पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, क्लब सचिव राजन कुमाल लगायतले बोलेका थिए।

रोटरी क्लब अफ पोखरा लेकसाइडले रोटरी किड्नी केयर निर्माणको लागि हालसम्म ३५ लाख बराबरको प्रारम्भिक पूर्वाधार निर्माण गरिसकेको छ। कुल ६ करोड लागतमा निर्माण किड्नी केयर सेन्टरको डिपिआर तयारी हुँदै गरेको सेन्टरका सचिव मीन गुरुङले जानकारी दिए। ३ रोपनी ४ आना जग्गामा १ वर्षभित्र बन्ने सो सेन्टरमा पहिलो चरणमा २० वटा डायलोसिस मेसिन जडान गरी सेवा दिइने किड्नी केयर सेन्टरका संयोजक कृष्ण थापाले बताए।

## होण्डा एक्सचेन्ज मेला फागुन २५ देखि

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस

कुवँर ब्रदर्श एण्ड सन्स् प्रा.लि. कम्पनीले यहि फागुन २५ देखि चैत्र ३ गतेसम्म होण्डा एक्चेन्स मेलाको अयोजना गरेको छ।

सोआवसरमा कुनै पनि पुरानो मोटरसाइकल तथा स्कुटरमा होण्डाको नयाँ मोटरसाइकल तथा स्कुटर साटफेर गर्न सकिन्छ। नयाँ होण्डाको मो.सा.तथा स्कुटर खरिद गर्दा नगद ४,००० छुट समेत रहेको छ। होण्डाको मोटरसाइकल तथा स्कुटरमा बजार मुल्य भन्दा थप ७,०००/- नगद उपलब्ध हुनेछ भने अन्य कम्पनीकामा नगद बजार मूल्य भन्दा थप ५००० उपलब्ध पाउनेछन्। होण्डा ब्राण्डको बिक्री पछिको सेवा रिसेल भ्यालु, गुणस्तरीय स्पेयर्स पार्टस, मोवाईल सर्भिस जस्ता सुविधा समेत रहेको कुँवर ब्रदर्श एण्ड सन्सले जनाएको छ।

## समस्याको निकास दिन आयोग हरसम्भव प्रयास गर्छ– प्रमुख थपलिया

रासस
काठमाडौं, २७ फागुन

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवारले गर्ने खर्च सीमा र निर्वाचन आचारसंहिता कडाइका साथ लागू गर्न निर्वाचन आयोगलाई सुझाव दिइएको छ।

आयोगका पदाधिकारीका साथै सङ्घ, प्रदेश तथा स्थानीय तहमा प्रतिनिधित्व गर्ने १७ राजनीतिक दलका पदाधिकारीबीच आज भएको छलफलमा खर्च र आचारसंहिता लागू गर्ने सन्दर्भमा आयोगले सशक्त भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र कम खर्चलो तुल्याई लोकतन्त्रको सुदृढीकरण गर्न आयोगको महत्वपूर्ण भूमिका रहने हुँदा राजनीतिक दलले निर्वाचन घोषणापत्रमा उल्लेख गरेका विषयबस्तु कार्यान्वयन भए/नभएबारे अनुगमन गर्ने समयन्त्र हुनुपर्नेमा पनि जोड दिइएको छ।

निर्वाचनलाई विश्वासनीय र भरपर्दो तुल्याउन व्यक्ति हेरेर नभई ऐन र कानुनका आधारमा कदम चाल्न सुझाव दिँदै दलका प्रतिनिधिले पैसा खर्च गर्न सक्नेलाई मात्र उम्मेदवार बनाउने गलत प्रवृत्तिलाई रोक्न आयोगको प्रभावकारी भूमिका हुनसक्ने अपेक्षा गरेका थिए। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले केन्द्र, प्रदेश र जिल्लाबाट अनुगमन गर्ने संयन्त्रको व्यवस्थासहित प्रस्ताव गरिएको निर्वाचन आचारसहिता स्वीकृतिका लागि कानुन मन्त्रालयमा पठाइसकिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "निर्वाचन आचारसंहिता खुट्टा नकमाई कार्यान्वयन गरिनेछ, मतदाता नामावलीमा नाम दर्ता गराएका र मतदानका लागि लाइनमा बसेकालाई मतदान गर्ने व्यवस्था मिलाइनेछ।

स्थानीय तहको निर्वाचनका लागि आयोगले छ हजार ७४३ प्रकारका मतपत्र डिजायन गरेको छ।" समय अभावका कारण उम्मेदवारको पूर्वअनुमान गरी मतपत्र व्यवस्थापन गर्न लागिएको बताउदै प्रमुख निर्वाचन आयुक्त थपलियाले राष्ट्रिय दलको मान्यता प्राप्त नभएका दलले उठाउँदै आएको निर्वाचन चिह्नसम्बन्धी माग र समस्याको निकास दिन आयोगले हरसम्भव प्रयास गर्ने बचन दिनुभयो।

निर्वाचन घोषणापछि हालसम्म आयोगबाट भए गरिएका काम, कारबाही र गतिविधिबारे आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिँदै राजनीतिक दलबाट गरिएको अपेक्षाबारे आयोगको ध्यानाकर्षण भएको बताउनुभयो।

## अरण्यज्योति पुस्तकालयको सूचना।

आज **मिति २०७८ फागुन २८ गते शनिवार**, **बिहान ठिक**: ७: **३५ बजे** पुस्तकालय पार्कमा हुने अरण्यज्योति पुस्तकालय पोखरा-१३ को **२६ औं साधारण सभा तथा अधिवेशन कार्यक्रम**को लागि सम्बन्धित सबैमा पत्र पठाई सकिएको छ। यदि कहिं कतै पत्र नपुगेमा यसै सूचनालाई आधार मानेर उपस्थिति भई दिनहुन् हार्दिकताका साथ अनुरोध छ। धन्यवाद।



# बास्थला गनगने खानेपानी उपभोक्ता समितिको १६औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ फागुन**

श्री बास्थला गनगने पंधेरा खोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, पोखरा १३ आर्वा को १६ औं वार्षिक साधारण सभा तथा उपभोक्ता भेला शुक्रबार आर्वा स्थित जागरण आमा समुह को बहुउद्देश्यीय भवन मा एक समारोह को आयोजना गरी सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष दर्शन लामाले गरेका थिए । सो अवसरमा अध्यक्ष लामाले खानेपानी को पौंच सबै जनता सम्म पुर्याउन पहिलो प्रथमिकता अनुसार वडाले काम गरेको जानकारी दिए। उनले खानेपानी बाट कोही उपभोक्ता वञ्चित नभएको बताउँदै नयाँ प्रविधिबाट वडामा थप खानेपानी योजना सञ्चालन गरिने जानकारी पनी दिए। आफ्नो कार्यकालमा वडानं १३ लाई नमुना वडा बनाएको दावी गर्दै उनले आगामी दिनमा आँफु जहाँ रहे पनी वडाको समग्र बिकासमा ध्यान दिने जिकीर गरे । अध्यक्ष लामाले आर्वामा



निर्माण हुदै गरेका खानेपानी सडक शिक्षा स्वास्थ्य रोजगारी र उद्यमशिलता का सबै बिकाश निर्माण लाई आफ्नो कार्यकाल भित्र पुरा गरेर छाड्ने प्रतिवद्धता ब्यक्त गरे।

उपभोक्ता भेलामा बिशेष अतिथि श्री रतन पाण्डे माध्यामीक बिध्यालय का प्रधानाध्यापक डिल्लीराम बराल ले खानेपानी उपभोक्ता समिति ले बिध्यालय मा खानेपानी को ब्यवस्थापन गरेको उल्लेख गर्दै समितीको सर्हानिय काम प्रति धन्यवाद ब्यक्त गरे । उनले अंग्रेजी माध्यमबाट कक्षा १२ सम्म पढाई भैरहेको रतन पाण्डे मा वि कुनै पनी अन्य बिध्यालय भन्दा कम नरहेको भन्दै सबै अभिभावक ले आफ्ना बाबु नानीलाई शहर तिर नभई आफ्नै आँगन को बिध्यालय मा पढाउन आग्रह गरे।

उपभोक्ता भेलामा आर्वा मौजा कुलायन मार्ग सडक उपभोक्ता समिति का अध्यक्ष शरदचन्द्र बरालले आगामी आर्थिक वर्ष भित्र आर्वा मौजा कुलायन मार्ग अन्तर्गत निर्माण भैरहेको बाँकी सडकको काम निर्माण सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे। भेलामा पत्रकार तथा श्री मोहरपानी आदर्श टोल बिकाश संस्था पोखरा १३ आर्वाका अध्यक्ष श्रीराम सिग्देलले समग्र आर्वा को बिकाश निर्माण मा वडा लगायत सबै क्षेत्रमा नेतृत्वदायी भूमिका मा रहेका नेतृत्व कर्ता ले गम्भीर रुपमा ध्यान दिएर काम गर्नु पर्ने बताए । कार्यक्रम मा अमर ज्योति आधारभूत बिध्यालय का प्रधानाध्यापक बिमल बहादुर बराल, शान्तेडाडा सहेले सालघारी बन उपभोक्ता समिति का अध्यक्ष बिष्णु प्रसाद बराल,जागरण आमा समुहकी अध्यक्ष राधा देबी बराल (बिद्या), अर्ध नारेश्वर टोल बिकाश संस्था का अध्यक्ष टिकाराम बराल, छापाको चौतारा टोल बिकाश संस्था का अध्यक्ष राधाकृष्ण बराल,उपभोक्ता भोजराज बराल, खानेपानी का कर्मचारी रुद्र नाथ बराल,लगायतका वक्ताहरुले शुभकामना ब्यक्त गरेका थिए।

श्री बास्थला गनगने पंधेरा खोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति का अध्यक्ष नर बहादुर बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष घनश्याम बराल ले स्वागत तथा कोषाध्यक्ष मधुमाय बरालले कार्यक्रम सञ्चालन गरेकी थिईन।

कार्यक्रम मा खानेपानी उपभोक्ता समितिका संस्थापकहरु , खानेपानि ट्याङ्की निर्मण का लागि जग्गादाता तथा समितिमा रहेर योगदान पुर्याउने छ जना ब्यक्तित्व हरुलाई दोसल्ला तथा सम्मान पत्र प्रदान गरी सम्मानीत गरिएको थियो । यसरी सम्मानित हुनु हुनेहरुमा टंकनाथ बराल, गंगादेवी बराल, होम बिलास बराल, भोजराज बराल, सु.सुकदेव बराल र रुद्र बहादुर कुईकेल रहेका छन्।




बिश्व सामाजिक कार्य दिवस २०२२ लाई लक्षित गर्दै Lake City College, Pokhara का सामाजिक कार्य अध्ययन गर्ने विद्यार्थीहरूले श्री मसिना आधारभुत बिद्यालय तथा चांदनी पशु उथान तथा स्याहार केन्द्रको सहयोगार्थ चट पट बिक्री मार्फत Fund Raising कार्यक्रमको सुरुवात गरेका छन , यस कार्यक्रम फाल्गुन २७ देखि फाल्गुन ३० गतेसम्म संचालन हुने छ । हरेक अङ्ग्रेजी बर्षको तेस्रो महिनाको तेस्रो मंगलवारको दिन पर्ने सामजिक कार्य दिवसको यस बर्ष को मुल नारा : 'सबैलाइ समेटौ : नविन पर्यावरणीय - सामाजिक बिश्वको सहनिर्माण गरौ' रहेको छ।

# लेखनाथ महोत्सवको दोश्रो दिन १५ लाख रुपैयाको कारोबार

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ फागुन**

१७ औं संस्करणको लेखनाथ महोत्सवमा शुक्रबार १५ लाख रुपैया बराबरको कारोबार भएको छ। महोत्सवको सात हजार दर्शकले अवलोकन गरेको प्रचार प्रसार उपसमितिका संयोजक गोपिचन्द्र बास्तोलाले जानकारी दिए।

महोत्सवमा विभिन्न विधाका कलाकारहरुले दर्शकहरुलाई मनोरञ्जन दिलाएका थिए । विद्यालयस्तरिय नृत्यमा भवानी कालिका, गोगन मा.वि र अल्फा एकेडेमीले आफ्नो नृत्य प्रस्तुत गरेका थिए। महोत्सवको आकर्षणको रुपमा शनिबार आधुनिक गायन तर्फ संगितकार बसन्त सापकोटा, सहिमा श्रेष्ठ, हाँस्यव्यङ्गय तर्फ सन्दिप क्षेत्री र लोकगायन तर्फ राजु परियार, राजन कार्की टेक क्षेत्री, आयुषा गौतम, अन्जु बि.क र मधु चापागाईको प्रस्तुती रहने आयोजकले जनाएका छन्।

फागुन २६ गते देखी शुरु भएको १७ औं संस्करणको लेखनाथ महोत्सवमा विभिन्न बस्तु तथा उत्पादनका तीन सय भन्दा बढी स्टलहरु राखिएका छन् । लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र समृद्धी भन्ने नाराका



साथ लेखनाथ उद्योग बाणिज्य संघको आयोजनामा भएको महोत्सव चैत सात गतेसम्म संचालन हुनेछ।

# गण्डकी प्रदेश तेक्वान्दो प्रतियोगितामा कास्की जिल्ला प्रथम, गण्डकीवाट २५ खेलाडी छनोट

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ फागुन**

गण्डकी प्रदेश स्तरिय तेक्वान्दो प्रतियोगिता ११ गोल्ड मेडल सहित कास्की जिल्ला प्रथम भएको छ। ४ गोल्ड मेडल सहित म्याग्दी दोश्रो र ४ गोल्ड मेडल सहित पर्वत तेस्रे भएको हो ।

पोखरामा शुक्रबार सम्पन प्रतियोगीतामा कास्कीले थप ११ सिल्भर र म्याग्दीले ५ र पर्वतले ३ मेडल पाएका थिए। पुरुष र महिला तर्फको गरी कुल २६ खेलमा १ सय १३ जना खेलाडी रहभागी रहेका थिए । जसमा गोल्ड मेडल ल्याउने २५ जना खेलाडी राष्ट्रिय खेलका लागी छनोटमा परेका छन। छनोटमा पर्नेहरुमा कास्कीका सिनियर पुरुष ५४ के.जि. समुह तर्फ मन्दिप सुनार,५८ के.जिमा पर्वतका सुरज कडेल र ६३ के.जिमा पर्वतकै प्रकास माझी रहेका छन भने ६८ के.जिमा कास्कीका हेमन गुरुङ छन। त्यसै गरी ७४ के.जि समुह तर्फ म्याग्दीका कृपेस शर्मा र ८० के.जि समुहमा कास्की सकील लामगादे र ८७ के.जि मा निरज नेपाली र ८७ के.जि मै पर्वतका



सुजन रोक्का रहेका छन।

त्यसै गरी पुरुष जुनियर तर्फ ४८ के.जि समुहमा म्याग्दीका दिपेस पुर्जा,५५के.जि समुहमा कास्कीका सुजन गुरुङ, ६३ के.जि समुहमा तनहुँका राजन परियार छन भन्ने नवलपुरका मनिष महततो र नवलपुरकै सुरेश जेडिमगर ७८ के.जिसमुहमा विजयी भएका छन । त्यसै गरी महिला सिनियर तर्फ ४६ के.जि समुहमा म्याग्दीका इशा गर्बुजा, ४९के.जिमा कास्कीका सरिता बयलकोटी, ५३ के.जि समुहमा मनालिसा मल्ल, ५७ केजिमा अन्जना परियार, ६२ के.जि समुहमा पार्वती श्रेष्ठ, ६७ के.जि समुहमा पर्वतका स्मृती नेपाली र ७३ के.जिमा म्याग्दीकी ममता गर्वुजा रहेका छन । महिला जुनियर तर्फको ४४ के.जि मुनि गोरर्खाकी आकृती क्षेष्ठ,४९ के.जिमा कास्कीकै अनिसा परियार ५५के.जि र सदिक्षा सुनार ६३ केजिमा छनोट भएका छन भन्ने बाग्लुङकै बुद्ध गुरुङ, ५५के.जि र ६८ के.जि मा ग्रिन गुरुङ छनोट भएका छन।

विजयी खेलाडीलाई गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्रि राजीव गुरुङले ट्रफी वितरण गदै खेलकुदको स.स्थागत बिकासका लागी मन्त्रालय खेलाडी सँग रहेको बताए । खेलकुद मन्त्रालयका सचिव बद्रिनाथ अधिकारीले ब्वसायी खेलाडी उत्पादन गर्ने जोड दिए। संस्थाका अध्यक्ष जगन बहादुर गुरुङले बासिलोना लोलम्पियन १९९२लाई संस्थाको तर्फ वाट सम्मान गर्नु भयो।

# दुई लाख नेपाली विदेशिए, पाँच खर्ब ४० अर्ब विप्रेषण भित्रियो

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ फागुन**

देशभित्र रोजगारीको अवसर नपाएपछि दुई लाख बढी नेपाली नागरिक विदेशिएका छन्। वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको सङ्ख्या उल्लेख्यरूपमा बढेको पाइएको हो।

एक विवरणअनुसार गत माघ मसान्तसम्म कूल दुई लाख १०२ नेपाली रोजगारीको खोजीमा विदेशिएका हुन् । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ८५.४ प्रतिशतले घटेको थियो । गत माघ मसान्तसम्मको विवरणअनुसार एक लाख ५२ हजार ३२५ जनाले पुनःश्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति लिनेको सङ्ख्या २६६ प्रतिशतले वृद्धि भएको तथ्याङ्क सार्वजनकि भएको छ। चालु आर्थिक वर्षको पछिल्लो सात महिनामा उल्लेख्य मात्रामा नेपाली नागरिक रोजगारीको खोजीमा विदेशिए । हरेक दिन जसो विभिन्न वायु सेवा प्रदायकले नेपाली युवा बाकेर धावनमार्ग छाड्यो।


## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'घेरो' अन्तर्राष्ट्रिय मञ्चमा

**–वासुदेव पौडेल**
**गण्डकी, २७ फागुन**

गण्डकी प्रदेशमा प्रचलित प्राचीन संस्कृतिको बालन शैलीयुक्त मौलिकतासँगै नेपाली समाजमा विद्यमान अन्धविश्वासलाई प्रस्तुत गरिएको लोक नाटक हो 'घेरो'।

इन्द्रेणी थिएटरद्वारा उत्पादित यस नाटकले नेपाली समाजमा विद्यमान अन्धविश्वासले पारिरहेको असरलाई जीवन्तरुपमा प्रस्तुत गरेको छ।

नेपाली समाजमा लोपोन्मुख अवस्थामा पुगेको विशेषतः गण्डकी प्रदेशमा प्रचलित बालन शैलीलाई नाटकमा प्रस्तुत गरिएको नाटकका लेखक एवं इन्द्रेणी थिएटरका अध्यक्ष केदारनाथ पौडेलले जानकारी दिनुभयो।

"एउटा साधारण घटनाको गलत बुझाइले कतिसम्म नकारात्मक असर गर्दछ र समाजका खराब व्यक्तिले त्यसको कसरी फाइदा उठाउँछन् भन्ने विषय नाटकमा सजिलै देख्न र बुझ्न पाइन्छ", उहाँले भन्नुभयो। बालन शैलीलाई प्रयोग गर्नुका साथै भजनबाट कथा वाचन गरिने गण्डकी प्रदेशको बोलीचाली तथा लवज नाटकका बलिया पक्ष रहेको उहाँले बताउनुभयो। युथ क्रियसन थिएटरमा पहिलो पटक सन् २०१८ को २९ नोभेम्बरदेखि १४ डिसेम्बरसम्म मञ्चन भएको यो नाटक रारा राष्ट्रिय नाटक महोत्सव, पोखरा अन्तर्राष्ट्रिय नाटक महोत्सव, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित महोत्सवसँगै दक्षिण कोरोया, जर्मनी, कलकत्ता आदि स्थानमा अन्तर्राष्ट्रियरुपमा पनि मञ्चन भइसकेको उहाँले जानकारी दिनुभयो।

घरको दैलोमो चामलको घेरो देखियो भने अनिष्ट हुने नेपाली अन्धविश्वासलाई जीवन्तरुपमा प्रस्तुत गरिएको घेरोमा माइतीबाट श्राद्ध खाएर फर्केको दम्पती घर पुगेर दैलो खोल्नेबित्तिकै चामलको घेरो देखाइएको छ। यही चामलको घेरोमाथि समाजको रुढीवादी नजर र अन्धविश्वासलाई नाटकमा कलात्मकरुपमा प्रस्तुत गराएको छ। श्राद्ध खाएर फर्कदा पुछारे कान्छाका दम्पतीले घरको दैलो खोल्नासाथ देखेको चामलको घेरो र त्यही घेरो माथि हाम्रो समाजको रुढीवादी हेराइ एवं र अन्धविश्वासलाई नाटकमा प्रस्तुत गरिएको छ।

घरमा चामलको घेरो देखियो भने अनिष्ट हुने अन्धविश्वासले पुछारे कान्छाका दम्पतीले झाँक्री बोलाउँछन्। झाँक्रीले भनेअनुसारका खर्च र काम सकेपछि मात्रै घेरो कसैले हालेको नभई अन्य कारणले चामल पोखिएर बनेको थाहा हुन्छ। झण्डै एक घण्टा २० मिनेट समयावधिको नाटकलाई सुरुदेखि नै बालन शैलीको भजनसँगै अघि बढाइएको हुन्छ।

यसैबीच इजिप्टको लक्सरमा हुने अन्तर्राष्ट्रिय नाटक महोत्सवममा नेपाली कलाकार 'घेरो' लिएर जान लागेको नाटकमा पुछारे कान्छाको भूमिकामा रहनुभएका कलाकार रेम रसाइलीले जानकारी दिनुभयो। आगामी मार्च १४ देखि २१ सम्म हुने महोत्सवका अवसरमा अन्तर ाष्ट्रियस्तरका विभिन्न ११ वटा समूहसँग प्रतिष्पर्धा हुने र आफूहरूले उत्कृष्ट प्रदर्शन गर्ने विश्वास लिइएको उहाँले बताउनुभयो। नाटकमा पुछारे कान्छीका रुपमा ज्योति हमाल, झाँक्री र भैंसीकारुपमा कपिल शर्मा, फुरुमैंका रुपमा निलम तामाङ, डाँडाघरेका रुपमा रामहरि अधिकारी, ढाकामोहनका रुपमा अनिल तिमल्सिनाले अभिनय गर्नुहुनेछ। नाटकमा प्रकाश परिकल्पना विभु भुसालले गर्नुभएको छ भने प्रकाश व्यवस्थापन दीपेन्द्र पौडेलले गर्नुभएको छ।

नाटक प्रस्तुतिको परिकल्पना सरोज अर्यालले गर्नुभएको हो भने नेपथ्यमा सहयोग गर्नेमा प्रकाश रिजाल, कृष्ण उदासी, राजु पौडेल, विकास पौडेल, सम्झना अधिकारी पौडेल तथा मादलमा विनोद पौडेल हुनुहुन्छ। नाटकमा केदारनाथ पौडेलको लेखन एवं कथावाचन, कपिल शर्माको निर्देशन रहेको छ।

अन्तर्राष्ट्रिय मञ्चमा मञ्चन गर्न लागिएको घेरो उत्कृष्ट प्रदर्शन गर्ने विश्वासका साथ नेपाली टोली सोमबार काठमाडौंबाट इजिप्टका लागि जान लागेको कलाकार ज्योति हमालले जानकारी दिनुभयो।

घेरोमार्फत अन्तराष्ट्रिय मञ्चमा नेपाली कलाकारितालाई विश्वमाझ चिनाउने आफूहरूको लक्ष्य रहेको उहाँले बताउनुभयो।

# पिप्ले-भगवती कालोपत्र सडक योजना अलपत्र

**पोखरापत्र संवाददाता**
**बेनी, २७ फागुन**

म्याग्दीको रघुगङ्गा गाउँपालिकाको गलेश्वर राहुघाटबाट पिप्ले-भगवती कालोपत्र सडक अलपत्र परेको छ। गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक आयोजना' कार्यक्रमअन्तर्गत पूर्वाधार विकास कार्यालयले सञ्चालन गरेको योजनामा निर्माण कम्पनी एपेक्स-खड्का कृष्ण जेभीले बीचैमा काम छाडेपछि योजना अलपत्र परेको हो।

निर्माण कम्पनीका साझेदारहरूबीच आर्थिक लेनदेनको विषयमा विवाद भएपछि एक सातादेखि कार्यक्षेत्रमा सम्पूर्ण काम ठप्प भएको छ। आयोजनाको थप भएको समयमा समेत काम नगरिकन निर्माण कम्पनीले काम छाडेपछि बिहीबार नेकपा (माओवादी केन्द्र) रघुगङ्गा गाउँपालिकाले सम्बद्ध निकायमा ध्यानकर्षण गराएको छ।

माओवादी केन्द्रका रघुगङ्गा गाउँपालिका कमिटी अध्यक्ष हरि भण्डारी, वडा नं २ का वडा कमिटी अध्यक्ष बालकृष्ण कटुवाल र अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष रेशम कटुवालको नेतृत्वमा गएको टोलीले पूर्वाधार विकास कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई आयोजनाबारे ध्यानकर्षण गराएका हुन्। ध्यानकर्षणपत्र बुझाउँदै माओवादी केन्द्रका रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भण्डारीले कालोपत्र सडक निर्माण गर्ने योजनालाई निर्माण कम्पनीले अलपत्र पारेपछि सम्बद्ध निकायलाई जानकारी गराउने र कानुनबमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउन ध्यानकर्षण गराइएको बताउनुभयो। योजनालाई अधकल्चो बनाएर छाडेपछि प्रभावित क्षेत्रका स्थानीयवासीमा चिन्ता बढेको भन्दै उहाँले निर्माण कम्पनीलाई तत्काल कार्यक्षेत्रमा फर्काउने वातावरण बनाउन भूमिका खेल्न प्रशासन र योजना कार्यान्वयन गर्ने कार्यालयलाई आग्रह गरिएको बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले सम्बन्धित कार्यालय र निर्माण कम्पनीसँग आवश्यक सोधपुछ गरी अलपत्र योजनालाई गति दिनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले कुनै पनि कम्पनीलाई योजनालाई बीचैमा अलपत्र छाडेर हिँड्ने छुट नहुनेसमेत बताउनुभयो। योजनामा निर्माण कम्पनी एपेक्स-खड्का कृष्ण जेभीले गत जेठमै योजनालाई सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म आधाको हाराहारीमा मात्रै भौतिक प्रगति गरेको छ। अन्तिम पटकका लागि थप भएको समयसीमासमेत सकिन एक महिनामात्रै बाँकी छ। गलेश्वरबाट बगैंचासम्मको पहिलेको ट्रयाक (मार्ग)मा पहिराले क्षति पुर्‍याएकाले पहिलो चरणमा पिप्लेबाट भगवतीसम्मको पाँच किलोमिटर सडकलाई कालोपत्र गर्ने भनिए पनि निर्माण कम्पनीले कार्यक्षेत्र नै छाडेपछि यस क्षेत्रका स्थानीयवासी रुष्ट बनेका छन्। सुरुआतमा निर्माणको जिम्मा लिने रघुगङ्गा गाउँपालिका-३ का वडाध्यक्षसमेत रहनुभएका जीवनकुमार मल्ल र मुख्य ठेकेदार रत्न खड्काबीच लेनदेनमा समस्या देखिएपछि आफूहरूले कार्यक्षेत्रमा काम रोकेर हिँड्नुपरेको निर्माण कम्पनीको तर्फबाट परिचालित प्राविधिकहरूको भनाइ छ। कम्पनीले कार्यक्षेत्रमा काम गर्ने मजदुरको पारिश्रमिक र सामान ल्याएको खर्चसमेत तीर्न बाँकी छ। भ्याटसहित रु १८ करोड ४१ लाख ८३८ मा ठेक्का सम्झौता भएको यस योजनामा आठ किलोमिटर सडकलाई आठ मिटर फराकिलो बनाउने र ५.५ मिटर कालोपत्र गर्नुपर्ने उल्लेख छ। दशकअघि मार्ग खुलेको यो सडक बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुँदा आवतजावतका लागि स्थानीयवासीलाई सास्ती हुँदै आएको छ।

# संरक्षणका पर्खाइमा मल्लकालीन अवशेष

**रासस**
**म्याग्दी, २७ फागुन**

तत्कालीन पर्वत राज्यको राजधानीसमेत रहेको म्याग्दीको सदरमुकाम बेनीबजार क्षेत्र आसपासका गाउँबस्तीमा मल्लकालीन अवशेष प्रशस्तै रहेका भए पनि संरक्षणको अभावमा ती सम्पदा अलपत्र परेका छन्।

बेनी नगरपालिका-२ गौश्वारा, खड्गभवानी कोत, राजकुवा, कुरिलाखर्क, बेनी कोत र ढोलठान क्षेत्रमा मल्लकालीन सामग्री, शिलालेख र ऐतिहासिक महत्वका बस्तुहरु रहेका भए पनि ती सामग्रीलाई व्यवस्थितरुपमा संरक्षण गर्न नसकिएको स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाले बताएका छन्।

गौश्वारामा करिब १५० वर्ष पुराना घर छन्। ती घर मल्लकालीन शैलीमा रहेका मात्र होइन तत्कालीन समयका निर्माण सामग्रीको प्रयोग गरेर निर्माण गरिएको स्थानीय रत्नवम मल्लले जानकारी दिनुभयो। बेनी-२ गौश्वारमा रहेका मल्लकालीन वास्तुकलाका १५० वर्षभन्दा बढी पुराना घर अहिले इतिहासको साक्षी बनेर रहेका छन्।

विसं २०४६ सम्म मल्ल वंशीय ठकुरीको बाहुल्य बसोबास रहेको गौश्वारामा प्रजातन्त्रको पुनःस्थापना पछि बसाइँसराइ गर्ने र सहर केन्द्रित हुने प्रवृत्तिका कारण अहिले ती घर जीर्ण अवस्थामा रहेका छन्। सिर्मु र सालका काठका कलात्मक बुट्टा भरिएका दलिन, बला र टुडालसमेत रहेका ती घरमा आँखीझ्याल, फलाँटे ढोका रहेका छन् भने गाह्रोमा लगाइएका ढुङ्गा पनि आकर्षक तरिकाले कुँदिएका छन्।

गौश्वारामा सुदर्शन मल्ल, माधव मल्ल, घनश्याम मल्ल, परमेश्वर मल्ल र विश्वबम मल्लको स्वामित्वमा रहेका घर करिब १०० वर्ष पुराना घर भएका स्थानीय बुद्धिजीवी रत्नवम मल्लले बताउनुभयो। मल्लका अनुसार यी घर गौश्वाराका पहिचान भएका र यिनलाई व्यवस्थित गर्नसक्ने हो भने पर्यटकलाई आकर्षक गर्नसक्ने बलियो सम्भावना छ।

यी घरको इतिहास मल्ल वंशीय राजखलक र राणा खलकसँग जोडिएको छ। तत्कालीन मल्ल ठकुरी जुम्लाको सिंजा उपत्यकाबाट बसाइँ सरी यहाँ आएको मानिन्छ। यहाँ आएपछि काठमाडौंमा रहेका मल्ल र राणासँग यहाँका ठकुरीको वैवाहिक सम्बन्ध गासिएको र त्यसै क्रममा एक ठाउँको कला र संस्कृति पनि स्थानान्तरण हुँदै यताको उता र उताको यता भएकाले यहाँ तत्कालीन समयमा बन्ने घरभन्दा मल्ल वंशीय ठकुरीहरुका घर फरक शैलीमा निर्माण भएका स्थानीय रामबहादुर गुरुङले बताउनुभयो।

त्यसैगरी चार पुस्तादेखि पुरानो घरमा नै बस्दै आउनुभएको परमेश्वरवम मल्लले यी घरसँग आफ्नो पुर्खाको पुरुषार्थ र पहिचान जोडिएकाले अझसम्म पनि सुरक्षित राखिएको प्रतिक्रिया दिनुभयो। "कतिपय भाइबन्धुहरु काठमाडौं, चितवन, पोखराजस्ता सहरमा गइसके तर, म भने पुर्खाको विर ासतलाई संरक्षण गरेर बसेको छु, उहाँले भन्नुभयो। घरका दारपात, झ्यालढोका, ढुङ्गा आदिमा आफ्ना पुर्खाको सुगन्ध मिसिएको उहाँको भनाइ थियो।

ढुङ्गाले छाएका, कौसी (बाह्रतली) सहितका तीनतले आकर्षक घर अहिले जीर्ण अवस्थामा रहेका छन्। गौश्वारा गाउँमा अहिलेसम्म पनि रहेका मल्लकालीन वास्तुकलाका पाँचवटा घरमध्ये दुई घरमा मात्रै बसोबास रहेको छ भने तीनवटा घर जीर्ण अवस्थामा छन्। यसैगरी बेनी-५ पुलाडाँडामा तत्कालीन पर्वत राज्यको राजधानी ढोलठानका राजाले धान कुट्ने गरेको ओखल फेला परेको छ। आजभन्दा करिब ५०० वर्ष पहिला पर्वत राज्यको विरासतसँग जोडिएको ढोलठान क्षेत्रमा ऐतिहासिक महत्वका सामग्री रहेका भए पनि पहिचान र संरक्षणको अभावमा अलपत्र परेका छन्।

अलपत्र परेका ती ऐतिहासिक सामग्रीमध्ये कालोपत्थर (ढुङ्गा) लाई छिनाले कुँदेर बनाइएको ओखल अहिले पुलाडाँडाको खुला ठाउँमा अलपत्र अवस्थामा छ। त्यतिबेलाका पर्वते प्रतापी राजा डिम्वबम मल्ल (उनलाई दिलीपवम मल्ल पनि भनिन्थ्यो) ले ढोलठानलाई गृष्मकालीन राजधानी बनाएकाले यस ठाउँमा वसुञ्जेलसम्म त्यही ओखलमा धान कुट्न लगाएर दरबारका सदस्यले भात खाने गरेका प्रमाण भेटिएका स्थानीय रामबहादुर बानियाँले जानकारी दिनुभयो। यस क्षेत्र ऐतिहासिकरुपमा मात्रै होइन जैविक, धार्मिक र प्राकृतिक महत्वले समेत युक्त रहेको उनको भनाइ छ।

विसं १८४२ मा गोरखा र पाल्पाको संयुक्त फौजले पर्वते सेनालाई पराजित गर्नुअघि पर्वत राज्यको राजधानी ढोलठाना र सहराजधानी बेनीमा रहेको इतिहासमा उल्लेख छ। 'कहिले राजा बेनी बागलुङ, कहिले राजा ढोर' भनेर गाइने यस क्षेत्रको लोकगीतको आधारमा पनि ढोलठान क्षेत्रको ऐतिहासिकतालाई पुष्टि गर्ने स्थानीय शिव बानियाँले बताउनुभयो।

चौधौँ शताब्दीताका तत्कालीन पर्वत राज्यका एकीकरणकर्ता एवं चर्चित राजा डिम्बबम मल्लद्वारा स्थापित जगन्नाथ मन्दिर धार्मिक एवं पर्यटकीय दृष्टिकोणले समेत नेपालभर प्रसिद्ध छ। यो मन्दिर ढोठानदेखि केही माथि र डढेकोट दरबारदेखि केही तल केभहिलको नजिकैमा रहेको छ। ढोलठान क्षेत्रको शिरमा रहेको केबहिलबाट मनोरम हिमशृङ्खलाको दृश्य नजिकैबाट नियाल्न पाइनु यस क्षेत्रको अर्को आकर्षण हो। यहाँबाट धौलागिरि, नीलगिरि, अन्नपूर्णलगायत १४ हिमाल, पर्वत, बागलुङ, स्याङ्जा र कास्कीका ३० भन्दा बढी ग्रामीण क्षेत्रका साथै म्याग्दी जिल्लाका साविकका ३६ गाविस प्रत्यक्ष देख्न सकिने स्थानीय बासिन्दासमेत रहेका गैरसरकारी संस्था मिलन म्याग्दीका निवर्तमान अध्यक्ष शिव बानियाँले बताउनुभयोक।

समुद्री सतहदेखि करिब दुई हजार ४०० मिटर उचाइमा रहेको सदरमुकाम बेनी बजारदेखि करिब डेढ/दुई घण्टाको पैदल यात्रापछि पुग्न सकिने ढोलठान प्राकृतिक सुन्दरता र ऐतिहासिक महत्वले युक्त त छ नै धार्मिक दृष्टिकोणले समेत प्रमुख आकर्षणको केन्द्र बन्न सक्ने जगन्नाथ मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर बानियाँले जानकारी दिनुभयो।

# स्थानीयवासीद्वारा डुम्रे-बैँसीसहर सडकखण्ड पुनः अवरुद्ध

**पोखरापत्र संवाददाता**
**दमौली, २७ फागुन**

तनहुँको भानु नगरपालिका-९ बाइसजाँगरका स्थानीयवासीले पुनः सडक अवरुद्ध पारेका छन्।

सोही ठाउँका १७ वर्षीय सनिज श्रेष्ठको सुन्दरबजार-९ स्थित मर्स्याङ्दी नदीमा मङ्गलबार डुबेर मृत्यु भएको घटनामा पीडितको जाहेरी नलिएपछि स्थानीयवासीले बिहीबार साँझदेखि बाइसजाँगरमा सडक अवरुद्ध पारेका हुन्।

कानुनअनुसार अगाडि बढ्ने र निषेधाज्ञा तथा विरोध प्रदर्शन नगर्ने सहमति भएसँगै बुधबार गरिएको आन्दोलन स्थानीयवासीले फिर्ता लिएका थिए। असहज परिस्थिति सिर्जना भएसँगै प्रशासनले सिउडीबजार क्षेत्रमा निषेधाज्ञासमेत लगाएको थियो।

पीडितपरिवारले फ्युचर स्टार आवासीय माध्यमिक विद्यालयका सञ्चालक बाबुराम पौडेल, वार्डेन सरोज अमलिया र एक विद्यार्थीविरुद्ध बिहीबार प्रहरीमा कर्तव्य ज्यान मुद्दामा किटानी जाहेरी दिए पनि प्रहरीले जाहेरी लिन अस्वीकार गरेको छ। सोही विरोधमा स्थानीयवासीले पुनः सडक अवरुद्ध पारेका हुन्। श्रेष्ठ विद्यालयका छात्रावासमा पढेर अध्ययन गर्दै आएका थिए।

छात्रावासमा बसेका श्रेष्ठको आफन्तलाई जानकारी नदिई छात्रावास बाहिर पौडी खेल्न पठाएको, आफन्तलाई थाहा नदिइ शव लगेको पीडित पक्षको आरोप छ। स्थानीयवासी सीताराम बजगाईंले यसअघि किटानी जाहेरी लिने सहमतिपछि आन्दोलन स्थगन भए पनि अर्को दिन प्रहरी कार्यालयमा पुग्दा प्रहरीले किटानी जाहेरी नलिएको बताउनुभयो।

# बैँसीसहर-चामे सडकको कल्भर्ट निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
**मनाङ, २७ फागुन**

लमजुङ र मनाङ जोड्ने बैंसीसहर-चामे सडकको निर्माण कार्य तीव्ररुपमा भइरहेको छ।

डुम्रे बैंसीसहर चामे सडक योजना कार्यालयका अनुसार सडकखण्डको तिमाङ छहरामा रहेको काठे पुल जीर्ण भएकाले कल्भर्ट निर्माणका लागि यही फागुन २० देखि आगामी चैत ५ गतेसम्मका लागि सडक बन्द गरिएको छ। जिल्लाको नार्सों गाउँपालिका-९ स्थित तिमाङ छहराको दुई ठाउँमा कल्भर्ट निर्माण तीव्ररुपमा भइरहेको हो। गत असारमा आएको बाढीले काठेपुल बगाएपछि पुनःकाठेपुल राखेर यातायात सञ्चालनमा भएकामा गत कात्तिकमा आएको बाढी र पहिराले फेरी काठेपुल बगाएको थियो।

उक्त काठेपुल जीर्ण हुँदै गएको र आगामी बर्खायाममा फेरि समस्या उत्पन्न हुने भएकाले व्यवस्थित गर्न ढलानसहितको स्ल्याभ कल्भर्ट निर्माण भइरहेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिनुभयो। सोमबार प्रमुख जिल्ला अधिकारी र जिल्लाको सुरक्षा निकायद्वारा सडक निर्माण कार्यको निरीक्षण गरिएको थियो। निरीक्षणका क्रममा विद्युतीकरणका लागि चामे दानाक्यु क्षेत्रमा भइरहेको पोल गाड्ने र तार तान्नाका साथै तिमाङ खोलाको झरनामा भइरहेको कल्भर्ट निर्माणको निरीक्षण गरिएको उहाँले जानकारी दिनुभयो।

कल्भर्टको काम सन्तोषजनक भएको र धारापानी चौकीबाट दैनिक सुरक्षा र समन्वय तथा नियमित रिपोर्टिङ गर्नेसमेतको प्रबन्ध मिलाएको बताइएको थियो।

# इन्डो-नेपाल क्रिकेट प्रतियोगितामा पूर्वाञ्चल क्रिकेट विजयी

**रासस**
**काठमाडौं, २७ फागुन**

पूर्वाञ्चल क्रिकेट क्लब इन्डो-नेपाल टि-२० 'मिल्स कप क्रिकेट' प्रतियोगिताको शुक्रबार भएको खेलमा विजयी भई फाइनलमा पुगेको छ। मिल्स क्रिकेट क्लब एण्ड एकेडेमीद्वारा आयोजित विराटनगरस्थित जुटमिल खेल मैदानमा भएको पहिलो सेमिफाइनलमा एमसिसी 'ए' क्रिकेट क्लब विराटनगरलाई ३९ रनले हराउँदै पूर्वाञ्चल क्रिकेट क्लब फाइनलमा पुगेको हो।

पहिले ब्याटिङ्ग गरेको पूर्वाञ्चलले २०४ रन बनाएको थियो। एमसिसी 'ए' १८ दशमलव एक बलमा १६४ रनमा अलआउट भएको थियो। पूर्वाञ्चलका अजय राजवंशी चार विकेट लिन सफल भएसँगै 'म्यान अफ द म्याच' घोषित भएका छन्। पूर्वाञ्चलले शनिबार हुने दोस्रो सेमिफाइनल खेल समशेर क्रिकेट क्बल कानपुर(भारत) र सन्नी क्रिकेट क्बल कटियार (भारत)सँगको विजेता टिमसँग उपाधिको लागि प्रतिस्पर्धा गर्ने छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बड्ने |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# शोधनान्तर घाटा दुई खर्ब ४७ अर्ब तीन करोड

रासस
काठमाडौं, २७ फागुन

कोभिड-१९ को महामारीका कारण अर्थतन्त्रले गति लिन नसक्दा मुलुकले रु दुई खर्ब ४७ अर्ब तीन करोड शोधनान्तर घाटा व्यहोरेको छ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/२०७९ को सात महिनाको तथ्याङ्कमा आधारित भएर आज सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदनअनुसार अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु ९७ अर्ब ३६ करोडले बचतमा रहेको थियो।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८१ करोड ७६ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा दुई अर्ब सात करोडले घाटामा रहेको छ।

समीक्षा अवधिमा चालु खाता रु चार खर्ब १३ अर्ब ८६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब चार अर्ब ३९ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८९ करोड २१ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा तीन अर्ब ४७ करोडले घाटामा रहेको छ। केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा अन्तर र्ष्ट्रिय मुद्रा कोषबाट विस्तारित ऋण सुविधामा रु १३ अर्ब आठ करोड प्राप्त भएको छ । यसअवधिमा पूँजिगत ट्रान्सफरमा १९.४ प्रतिशत घटेर रु छ अर्ब ३१ करोड कायम भएको छ भने खुद वैदेशिक लगानीमा ८०.६ प्रतिशतको उत्साहजनक प्राप्ति भएको छ।

वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ५.९७ प्रतिशत रहेको भने आयात ४२.८ प्रतिशतले र निर्यात ८८.३ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ४.९ प्रतिशत र अमेरिकी डलरमा ५.८ प्रतिशतले घटेको छ। कुल विदेशी विनिमय सञ्चिति रु नौ अर्ब ७५ करोड अमेरिकी डलर रहेको छ। सङ्घीय सरकारको खर्च रु पाँच खर्ब ९१ अर्ब दुई करोड र राजस्व परिचालन रु छ खर्ब १३ अर्ब ४१ करोड रहेको बैंकले बताएको छ।

विस्तृत मुद्राप्रदाय २.८ प्रतिशतले बढेको, वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १३.५ प्रतिशतले बढेको, बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन ३.६ प्रतिशतले बढेको र निजी क्षेत्रमा प्रवाहित कर्जा १२.३ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४.६ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर २५.३ प्रतिशत रहेको जनाइएको छ । आर्थिक वर्ष २०७८/७९ को सात महिनामा कुल वस्तु निर्यात ८८.३ प्रतिशतले वृद्धि भई रु एक खर्ब ३१ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ७.६ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ११३.० प्रतिशत र २७.७ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात १२.४ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा पाम तेल, सोयाविन तेल, पिना, धागो (पोलिष्टर तथा अन्य), जुसलगायत वस्तुको निर्यात बढेको छ भने अलैँची, चिया, जडीबुटी, तार, तामाको तारलगायत वस्तुको निर्यात घटेको छ।

आर्थिक वर्ष २०७८/७९ को सात महिनामा कुल वस्तु व्यापार घाटा ३८.४ प्रतिशतले वृद्धि भई रु १०१५ अर्ब ८१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ०.७ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.५ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.७ प्रतिशत थियो।

त्यसैगरी समीक्षा अवधिमा अमेरिकी डलर दुई अर्ब ६४ करोड बिक्री गरी रु तीन खर्ब १५ अर्ब नौ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर दुई अर्ब ४० करोड बिक्री गरी रु दुई खर्ब ८३ अर्ब ४० करोड बराबरको भारतीय रुपैयाँ खरिद गरिएको प्रतिवेदनमा जनाइको छ । वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७८ माघ मसान्तसम्म कुल २३९ बैंक तथा वित्तीय संस्था मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएकामा एकसय ७७ संस्थाको इजाजत खारेज भई ६२ संस्था कायम भएका छन्।

# पर्वतमा हात्तीपाइलेको 'औषधि सेवन कार्ड' अनिवार्य

पोखरापत्र संवाददाता
पर्वत, २७ फागुन

अन्धविश्वास र कुप्रचारका कारण नागरिकले हात्तीपाइलेविरुद्धको औषधि खान नमान्दा पर्वतमा 'औषधि सेवन कार्ड' अनिवार्य गरेर हात्तीपाइलेविरुद्धको औषधि खुवाउने तयारी गरिएको छ।

हात्तीपाइलेविरुद्धको औषधि सेवन गर्ने अभियान यही फागुन २८ गतेदेखि आगामी चैत ६ गतेसम्म सञ्चालन हुने भएको हो। औषधिलाई परीक्षणका रूपमा प्रयोग गरिएको हो भन्ने कुप्रचारका कारण औषधि सेवन गर्न नमानेपछि यस्तो उपाय अपनाइएको हो । स्वास्थ्यकर्मीकै प्रत्यक्ष निगरानीमा औषधि खुवाउने तयारी भइरहेको जिल्ला स्वास्थ्य कार्यालय पर्वतका निमित्त कार्यालय प्रमुख सन्तोष पौडेलले बताउनुभयो।

पर्वतको कुश्मा नगरपालिका-१ पाङ्को नुवार, टार र ततरकोट तथा फलेवास नगरपालिका-५ खानीगाउँ हात्तीपाइले रोगको जटिल क्षेत्र हुन् । लगातार छ वर्षसम्म हात्तीपाइलेविरुद्धको औषधि सेवन गरेमा त्यसपछि भने सेवन गर्नु नपर्ने भए पनि पर्वतमा भने यो पटक १३औँ चरणमा औषधि खुवाउन थालिएको छ। हरेक नागरिकले अनिवार्यरूपमा औषधि खानुपर्ने बाध्यता गराउन 'पारिवारिक औषधि सेवन कार्ड' अनिवार्य गरेर औषधि सेवन गराउन लागिएको निमित्त कार्यालय प्रमुख पौडेलले बताउनुभयो । 'म आफैँ खान्छु भन्ने, स्वयंसेविकाबाट औषधि लिने तर नखाइ फालिदिने गरेका कारण अझै पाँच प्रतिशतमा सङ्क्रमण देखिएको छ।

यही कारण कोभिड खोप कार्डजस्तै हात्तीपाइलेको औषधि सेवन कार्ड बनाएर खुवाउन लागिएको हो", उहाँले भन्नुभयो, "त्यो कार्ड नदेखाई वडा वा नगरपालिकाका सेवा लिन नपाउने अवस्था हुन सक्छ । ती ठाउँमा आवश्यक परे प्रहरी उपस्थित गराएर भए पनि स्वास्थ्यकर्मीको अगाडि औषधि सेवन गराउनुपर्ने अवस्था पनि रहन सक्छ।" व्यक्तिका लागि नभई परिवारका सदस्य सबैको एकमुष्ट कार्ड बन्ने भएका कारण परिवारका कोही एकजनाले मात्रै औषधि सेवन नगरे पनि कार्ड नपाइने पौडेल बताउनुभयो । हरेक वर्ष समस्या देखिएपछि यो वर्ष कडाइका साथ औषधि सेवन गराउन प्रशासनसँग समेत कुरा भइरहेको उहाँको भनाइ छ। औषधि सेवन कार्यक्रमलाई जिल्लाभर नै प्रभावकारी बनाउन यो वर्ष स्वास्थ्य स्वयंसेविकामार्फत औषधि वितरण गर्ने काम रोकिएको छ।

स्वयंसेविकालाई अटेरी गरेको देखिएका कारण आवश्यक परामर्शसहित स्वास्थ्यकर्मीकै निगरानीमा औषधि खुवाउने तयारी स्वास्थ्य कार्यालयले गरेको छ। पर्वत अस्पतालका चिकित्सक डा डिबी क्षेत्रीका अनुसार हात्तीपाइलेविरुद्ध खुवाइने औषधिले लुतो, एलर्जी, जुम्रा पर्नेलगायतका समस्याकोसमेत उपचार गर्ने भएकाले आम नागरिकले ढुक्क भएर औषधि सेवन गर्नुपर्ने बताउनुभयो। सार्क राष्ट्रका भारत र नेपालमा हात्तीपाइले समस्या बढिरहेको बताउँदै उहाँले कुप्रचार र अन्धविश्वासका कारण यो अवस्था आएको बताउनुभयो । "दुई वर्षभन्दा कम उमेरका बच्चा, गर्भवती वा सुत्केरी भएको सात दिनसम्मका आमा तथा सिकिस्त बिरामीलाई हामी यो औषधि दिँदैनौँ", उहाँले भन्नुभयो, "७० वर्ष उमेर पार गर्नुभएका ज्येष्ठ नागरिकको हकमा स्वास्थ्यकर्मीले अवस्था हेरेर विचार गर्नुहुन्छ।"

स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार अघिल्लो वर्ष जिल्लाका ८४ प्रतिशतले औषधि सेवन गरेका थिए । यो वर्ष एक लाख ११ हजार ३२५ जनालाई औषधि खुवाउने लक्षित समूहमा राखिएको छ।

छ हजार ३८२ जना दुई वर्षमुनिका बालबालिका तथा चार हजार ११६ जना गर्भवतीबाहेक अरूलाई लक्षित समूहमा राखिएको छ । औषधि सेवन गराउन करिब ३०० स्वास्थ्यकर्मी र ५०० महिला स्वास्थ्य स्वयंसेविका परिचालन गर्ने तयारी स्वास्थ्य कार्यालयले गरेको छ।

# व्यापार घाटा चुलियो एक खर्बको निर्यात, १० खर्बको आयात

रासस
काठमाडौं, २७ फागुन

मुलुकको व्यापार घाटाले नेटो काटेको छ । आयातमा भएको उल्लेख्य वृद्धिका कारण व्यापार घाटा रु १० खर्ब १५ अर्ब ८१ करोड बराबर पुगेको छ । चालु आवको सात महिनामा कूल वस्तु व्यापारघाटा ३८.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष त्यस्तो व्यापार घाटा ०.७ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा निर्यात आयात अनुपात ११.५ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.७ प्रतिशत छ।

यस्तै, समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरेर रु एक खर्ब २८ अर्ब १७ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा त्यस्तो आयात रु एक खर्ब चार अर्ब १३ करोड बराबर थियो।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको विवरणअनुसार सात महिनाको कूल वस्तु आयात ४२.८ प्रतिशतले वृद्धि भई रु ११ खर्ब ४७ अर्ब ४६ करोड बराबर पुगेको छ । अघिल्लो वर्ष त्यस्तो आयात नगन्य रूपमा मात्रै बढेको थियो । विवरण अनुसार भारतबाट ३१ प्रतिशत, चीनबाट ४२.३ प्रतिशत र अन्य देशबाट ८३.८ प्रतिशतले आयात बढेको छ। पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, कच्चा सोयाबिन तेल, यातायाताका साधन तथा पाटपूर्जालगायतका सामानको आयात बढेको छ । त्यस्तै एसउम बिलेट, रासायनिक मल, सिमेन्ट, दाल, मोलासिस सुगरलगायतका वस्तुको आयात बढेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९८८/१०/१६ गते

स्वर्गारोहणः
वि.स. २०७८/११/१५ गते

**स्वः क्याप्टेन नर बहादुर गुरुङ**

**B-13 Hong Kong** का भू.पू. उपाध्यक्ष अरुण कुमार गुरुङ, सदस्यहरु दिलु गुरुङ, कमला गुरुङका पिता तथा दिल गुरुङका ससुरा **क्याप्टेन नर बहादुर गुरुङ** को ९० वर्षको उमेरमा असामयीक निधनले विदेश तथा स्वदेशमा रहनुभएका दाजुभाइ तथा साथीहरु मर्माहत एवं स्तब्ध बनाएको छ। बाबाको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

ध्रुव राज गौतम HK
डिल्लीराम वि. क. HK
उत्तम वि.क. HK
कृष्ण बहादुर गुरुङ HK
टेक बहादुर गुरुङ (प्रेम कान्छा) HK

धन बहादुर गुरुङHK हाल पोखरा)
टेक बहादुर गुरुङ (भाइ कान्छा) HK
रमेश गुरुङ HK
दौ प्रकाश गुरुङ HK
भोज गुरुङ HK
रोशन गुरुङ HK

भिम काजी गुरुङ UK
मोहन गुरुङ UK
विन्दु गुरुङ UK
तवराज गुरुङ UK
प्रकाश गुरुङ

एवम् दाजुभाइ तथा साथीहरू